व्यावसायीक, परम्परागत पेशा व्यवस्थापन सम्बन्धी आयमूलक तालिम कार्यक्रम
अर्न्तगत

**ढाका बुनाई तालिम संचालन कार्यक्रमको**

प्रतिवेदन

**प्रताव पेश गरिएको**
**आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**
**जावलाखेल, ललितपुर**

**प्रस्ताव पेश गर्ने संस्था**
**आदिवासी जनजाति महिला युवा संजाल**
**ललितपुर, पुल्चोक-३**

# ढाका बुनाई तालिमको प्रतिवेदन

## भूमिका

विश्वको कुल जनसंख्याको करिब पचास प्रतिशत भन्दा बढी महिलाहरुको जनसंख्या रहेको छ । नेपालमा पनि करिब त्रिपन्न प्रतिशत भन्दा बढी महिलाहरुको जनसंख्या रहेको छ । राष्ट्र विकास हुनकोलागि राष्ट्रमा रहेका सबै वर्ग, जाति, क्षेत्रको विकास हुन आवश्यक छ । समुदायको हिसाबले महिला, पुरुष, तेस्रो लिङ्गी सबैको समान विकास हुन जरुरी छ । अन्यथा कुनै एक समुदाय वर्ग अथवा जाति विशेषको मात्र विकास भएमा त्यसले राष्ट्रमा विवाद मात्र निम्त्याउँछ । नेपालमा समग्र विकास प्रक्रिया तथा चेतना, सिप, क्षमता र अधिकारको हिसाबमा पुरुषका तुलनामा महिलाहरु परिवारबाट, समाजबाट र राष्ट्रबाट नै दोस्रो दर्जाको रुपमा व्यवहार गरिंदै आएको पाइन्छ । कानुनहरु धेरै बनेका छन्, अन्तरिम संविधानमा पनि कम्तिमा हरेक निकायहरुमा महिलाहरुको सहभागीता ३३ प्रतिशत भनेर उल्लेख गरिएको छ तर सो कार्यान्वयन हुन सहिरहेको छैन । यसैगरी अन्तराष्ट्रिय स्तरमा विभिन्न सम्मेलनहरुमा तथा संयुक्त राष्ट्र संघले महिलाहरुको अधिकारहरु प्रशस्त मात्रामा दिएको छ । यसलाई नेपाल सरकारले पनि पालना गर्दै कार्यान्वयन गर्छु भनि हस्ताक्षर तथा अनुमोदन गरिसकेको छ । सरकारको तर्फबाट विभिन्न सम्मेलनहरुमा सहभागीता जनाउँदै आएको छ । तर अहिलेको नेपाली समाजमा नत राष्ट्रिय स्तरमा भएका कानुनहरुको बारेमा महिलाहरुलाई थाहा छ, नत महिला अधिकार सम्बन्धि अन्तराष्ट्रिय सन्धिहरुको बारेमा नै सचेत छन्, नत उनीहरुमा कुनै किसिमले स्वरोजगारको कार्यक्रमहरु, क्षमता विकास, सिप विकास कार्यक्रम नै छ । यसो हुनुमा उनीहरुमा आर्थिक अभाव, बेरोजगारीको नै कारण हो । यसकार महिलाहरुलाई सक्षम बनाउनको लागी सर्वप्रथम रोजगार उपलब्ध गराउनु पर्दछ वा क्षमता विकास गर्न आवश्यक छ । यसको लागी आदिवासी जनजाति महिलाहरुको सिप विकास गर्नको लागी ढाका बुनाई तालिम गर्दै सिप तथा क्षमताको विकास गरी स्वरोजगार स्थापना आदिवासी जनजाति उत्थान रीष्ट्रिय प्रतिष्ठानको आर्थिक सहकार्यमा आदिवासी जनजाति महिला युवा संजालले ललितपुर जिल्लाको शंखमुल पाटनमा ढाका बुनाई तालिम सम्पन्न गरि प्रतिवेदन तयार गरेको छ ।

## कार्यक्रमको औचित्य

महिलाहरुले पुरुष सरह समानरुपमा अधिकारको उपभोग गर्न नसकेको स्थितिलाई मनन गर्दै महिला अधिकार स्थापित गर्न संयुक्त राष्ट्रसंघ भित्र र बाहिर विभिन्न गतिविधिहरु भएका छन् । उनीहरुलाई रोजगारको व्यवस्था गरिएको छैन । कानुनहरुमा जतिसुकै समावेसी गरेता पनि कार्यान्वयनमा त्यसो हुन सकेको छैन । साथै रोजगारी हुन सकेको छैन । यसकारण महिलाहरुलाई क्षमता विकास गर्दै रोजगार स्थापन गर्न सिप विकास गर्नको लागी यस कार्यक्रमले समेट्ने छ ।नेपाली समाजमा कागजमा मात्र अधिकारहरु दिइएका छन् । त्यस्ता महिलाहरुमा पनि आदिवासी जनजाति महिलाहरु अझ बेरोजगार रहेका छन् । यसकारण आदिवासी जनजाति महिला युवा जो बेरोजगार छन् उनीहरुलाई सिप सिकाउँदै स्वरोजगार स्थापना आवश्यक रहेको हुनाले यो कार्यक्रम महत्वपुर्ण रहेको थियो ।

**कार्यक्रमको उद्देश्यहरु**

एकाईसौं शताब्दीको नेपाल र अन्य विश्व समुदाय बीच हरेक दृष्टिकोणबाट फरक छ । विश्व समाज एकाईसौं शताब्दीको प्रविधि सँगै नयाँ नयाँ आविष्कारमा लागिरहेका छन् त्यहाँ पुरुष र महिलाको समान अधिकार प्राप्त तिर उन्मुख छ । तर नेपाली समाज भने महिला र पुरुष बीच नै विभेदीत रही ज्यूँ का त्यूँ छ । पुरुष भन्ने वित्तिकै भगवान, अनि महिला भन्ने वित्तिकै सुसारे भन्ने किसिमको संस्कृति छ । यो हाम्रो नेपाली समाजको चरित्र हो । नेपाली युवाहरुमा चेतना भएर पनि व्यवहारमा उतारिएको छैन । साथै नेपाली महिला युवाहरुमा नेतृत्व, सिप तथा क्षमताको अवसर कम भएर पनि यसो भएको हो । यसकारण बेरोजगार आदिवासी जनजाति महिलाहरुको सिप तथा क्षमता विकास गर्दै उनीहरुमा स्वरोजगार स्थापना गर्ने यस कार्यक्रमको उद्देश्य हो ।

**कार्यक्रमको कार्यान्वयन प्रक्रिया**

ढाका बुनाई तालिम सिप प्राप्त प्रशिक्षकलाई व्यवस्थापन गरिएको थियो । स्थानिय बेरोजगार महिला युवाहरुको छनौट गरिएको थियो । प्रशिक्षकको रुपमा नानु पुरी रहनु भएको थियो । तालिमको लागी ढागो, तान, कपडा लगायतका सामग्रीहरु व्यवस्थापन गरिएको थियो । साथै तान लगाउने, ढागो राख्ने आदि प्रशिक्षकद्धारा सिकाईएको थियो । उक्त तालिम कार्यक्रम २२ वैशाख देखी २० जेष्ठ २०७३ सम्म संचालन गरिएको थियो ।

**कार्यक्रम सञ्चालनस्थान**

आदिवासी जनजाति युवा महिलाहरुलाई लक्षित गरी यो कार्यक्रम संचालन गरिएको थियो । स्थानिय आदिवासी समुदायहरुमा अभिभावकहरुमा मातृभाषा, संस्कृतिको बारेमा राम्रो ज्ञान भएता पनि सिपमुलक तालिमहरु संचालन नभएको हुनाले स्थानिय आदिवासी जनजाति महिलाहरु शंखमुल पाटनमा तालिम सम्पन्न गरिएको थियो ।

**कार्यक्रमको क्षेत्र तथा लाभान्वित वर्गहरु**

यो संस्थाको मुख्य उदेश्य भनेको नै युवा महिलाहरुलाई सक्षम बनाउँदै आफ्नो अधिकार सुरक्षित गर्दै, स्थापित गर्दे राष्ट्र विकासमा सघाउ पुर्‍याउनु हो ।  आजसम्मको नेपालको ईतिहासलाई हेर्दा विभेद भित्र पनि विभेदीत समाजको विकास हुँदै आएको पाईन्छ । विभेद जातिगत हिसाबबाट, समुदायको हिसाबबाट, लिङ्गको हिसाबबाट, वर्गको हिसाबबाट विकास हुँदै आएको पाईन्छ । यी सम्पुर्ण आधारमा विभेद हुँदाहुँदै पनि अझ त्यो समुदायको भित्र पनि लिङ्गीय आधारमा महिलाहरु अझ बढी विभेदमा छन् यसो हुनुमा महिला युवाहरुमा नेतृत्व तथा क्षमताको कमी हो भने उनीहरुले नेतृत्व तथा क्षमता विकासको लागि अवसर नपाउनु पनि हो । साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भएका कानुनहरुको बारेमा जानकारी तथा सचेतना नहुनु पनि हो । यदी समाजको विकास गर्नु छ भने महिला युवाहरुलाई पनि त्यति कै अवसर दिनु आवश्यक छ । त्यसकारण यस अभिमुखी कार्यक्रमबाट ललितपुर उपमहानगरपालिकाको शंखमुलका स्थानिय महिलाहरुलाभावन्तिभएका छन् । उक्त तालिममा १० जना महिला तथा युवा महिलाहरु प्रत्यक्ष रुपमा लावन्ति भएका छन् । भने अप्त्यक्ष रुपमा थप उनीहरुले परिवारमा पनि सिप सिकाउने छन् ।

**अनुगमन**

यस ढाका बुनाई तालिममा संचालन गर्दा सहयोगी आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई पत्र मार्फत जानकारी गराइएको थियो । सोही अनुरुप आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट अधिकृत विनिता तामाङ र रन्जना थामामगर अनुगमन आउनु भएको थियो । तालिममा प्रत्यक्ष रुपमा अनुगमनकर्ताहरुद्धारा अवलोकन गर्नु भएको थियो ।

**निष्कर्ष**

सहभागीहरुले ढाका बुनाई तालिम सफलता पूर्व सिप सिकेका छन् । तालिम लिएका १० मध्ये ८ जनाले यसलाई अझ निरन्तरता दिने लक्ष्य राखेका छन् । साथै सहभागीहरुमा ढाका बुनाई सिप दिर्घकालीन रुपमा प्रयोग गर्ने गरी सिप सिकेका हुनाले तालिम समग्र रुपमा सफल भएको मानिन्छ ।